# करारनामा

(निर्माता र भान्साव्यवस्थापक)

मितिः

लिखितम् का.जि.का.म.न.पा. वडा नं. ……, ……………………, काठमाडौंमा कम्पनी रजिष्टार्ड कार्यालय दर्ता भएको…………………………………………प्रा.लि. (प्रा.लि.नं. ………………………………)को तर्फबाट अख्तियार प्राप्त संचालक, जिल्ला ………………………… म.न.पा./उप म.न.पा./न.पा./गा.पा. ………………………… वडा नं.–……. स्थाई घर भई हाल ……………………………………वडा नं. ………, …………………, ……………………… बस्ने श्री ……………………………………… (जसलाई यसपछि यस सम्झौतामा प्रथमपक्ष भनि संवोधन गरिएको छ) र जिल्ला ……………………… म.न.पा./उप म.न.पा./न.पा./गा.पा. …………………………………… वडा नं ……. स्थाई ठेगाना रहीहाल …………….. बस्ने (ना.प्र. नं. ………………………………) भएकाश्री ………………………… (जसलाई यसपछि यस सम्झौतामा दोस्रो पक्ष भनि संवोधन गरिएको छ) बिच तपसिलमा उल्लेखित शर्तहरु पालना गर्न सहमतभई प्रथम पक्षले निर्माण गर्न लागेको ………………………………नामक नेपाली कथानक चलचित्रमा **भान्सा व्यवस्थापक**को रुपमा काम गर्न–गराउन मञ्जुर भएकोले मुलुकी देवानी संहिता २०७४ को करार तथा अन्य व्यवस्थाको अधिनमा रही मुलूकी देवानी कार्यविधि संहिता २०७४ को दफा ….. बमोजिम म.न.पा/उ.म.न.पा/न.पा./गा.पा. वडा नम्बर………. को कार्यालयको रोहवरमा सही छाप गरि …………………………………प्रा. लि.को कार्यालय …………………, काठमाडौंमा बसी यो सम्झौतामा सहीछाप गरी एक/एकप्रति बुझिलियौं/दियौं ।

## तपसील

१.प्रथम पक्षले निर्माण गर्ने नेपाली कथानक चलचित्र……………………..मा दोस्रो पक्षले **भान्छा व्यवस्थापक**को रुपमा काम गर्ने कुरामा दुबै पक्षमञ्जुर गर्दछौं ।

२. यो सम्झौता पत्र मिति बि.सं. …………… साल………….महिना……गतेदेखि लागु भई बि.सं …………. साल…………महिना……..गतेसम्म कायम रहने छ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

३. ठेक्का सम्झौताका सम्वन्धमा, प्रथम पक्षले निर्माण गर्ने यस चलचित्रमा दैनिक कम्तीमा……….जनालाई बिहानको खाजा, दिउँसोको खाना, बेलुकाको खाना तथा समय समयमा चिया/नास्ता खुवाए बापत दोस्रो पक्षलाई दैनिक रु ………………. (अक्षरेपी……………………………………मात्र) ठेक्का बापतको भुक्तानी पाउने र सो रकम बराबरको बिल/बिजकप्रथमपक्षलाई दोस्रो पक्षले उपलब्ध गराउने विषयमादुबै पक्षबीच सहमति गरियो । दैनिक ६० जनाभन्दा बढी मानिसलाई खानाखुवाउनु पर्ने भएमा सोको भुक्तानीदुवै पक्षको समझदारीमा तय गरिने विषयमा सहमति गरियो । साथै खानाको मेनु प्रथम पक्षको आवश्यकताअनुसार दुबै पक्षबीच सहमति गरेर बनाउने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

४. ठेक्का सम्झौता अनुसारको भुक्तानीका सम्वन्धमा, सम्झौता पत्रमा हस्ताक्षर गर्दाको समयमा……………. ( अक्षरेपी ……………………………………………) र बाँकी पैसा हरेक पाँच दिनमा……………..को दरले भुक्तानी हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

५. प्रथमपक्षले तोकेको समय र ठाउँमा उपस्थितभई दोस्रो पक्षले यस चलचित्रको सम्वन्धितकार्य (सहमतिअनुसारको बिहानको खाजा, दिउँसोको खाना, चियानास्ता, बेलुकाको खाना) तयार गरि टिमका सबै सदस्यलाई खुवाउनु पर्नेछ

।सो कार्य गर्दा दोस्रो पक्षको लागिचाहिने खाना, बास र यातायातको व्यवस्था प्रथम पक्षले गर्नेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

६. यस चलचित्रमा तोकिएको कार्य गर्दा दोस्रो पक्षले हाल विद्यमान सरकारी निकायले जारी गरेका वा भविष्यमा जारी गर्ने चलचित्र सम्वन्धि कानुन, नियम वा विनियम लगायत सम्पूर्ण कानुनी व्यवस्थाको पालना गर्नुपर्ने छ । दोस्रो पक्ष उपरको कुनै कानुनी कारवाही, दण्ड, जरिवानका लागि प्रथम पक्ष जवाफदेही हुने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

७. प्रथम पक्षको लगानीमा निर्माण गरिएको यस चलचित्रको प्रतिलिपि सम्वन्धिको सम्पूर्ण अधिकार तथा यो चलचित्र देश विदेशमा विक्री वितरण गर्दा हुने आम्दानी, चलचित्र भवनमा प्रदर्शन गर्दा हुने आम्दानी, विभिन्न च्यारिटी शोहरुबाट हुने आम्दानी तथा अहिले विद्यमान र भविष्यमा आउने कुनै पनि डिजिटल माध्याम र अन्य कुनैपनि माध्यमबाट हुने कुनैपनि प्रकारको आम्दानी प्रथम पक्षकै हुनेछ भन्ने कुरामा दुबै पक्षबीच सहमति गरियो । साथै दोस्रो पक्षबाट प्राप्तभएको कामलाई प्रथमपक्षले कुनै पनि माध्यममा प्रयोग गर्न पाउनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

८.यस सम्झौता बमोजिम दोस्रो पक्षको कारणबाट प्रथम पक्षलाई कुनैपनि क्षति भएमा वा प्रथम पक्षको कारणबाट दोस्रो पक्षलाई कुनै क्षतिभएमा दुबै पक्षले उचित क्षतिपूर्तिको मागदावी गर्न पाउने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

९.सम्झौता पत्रमा उल्लेख गरिएको समयमा प्रथम पक्षको कारणले सुटिङ समाप्त नभएमा र दोस्रो पक्षले थप समय दिनुपर्ने भएमा सम्झौतामा उल्लेख गरिएको दैनिक रकम प्रथम पक्षले दोस्रो पक्षलाई उपलव्ध गराउने छ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१०.चलचित्रको छायांकन पूर्व प्रथम पक्षको सल्लाह बमोजिम चलचित्रको छायांकन स्थलमा उपस्थितभई दोस्रो पक्षले आवश्यक कार्यहरु गर्नु पर्नेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

११.दोस्रो पक्षले चलचित्रसँग सम्वन्धित कुनै पनि सूचना सार्वजनिक गराउन अथवा तेस्रो पक्षलाई दिन पाईने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१२.चलचित्र छायांकनको क्रममा प्रथम पक्षको अनुमति बिना चलचित्रसँग सम्वन्धित कुनैपनि खालका तस्वीर खिचेर सामाजिक सञ्जालमा राख्न अथवा अन्य कुनैपनि माध्यमबाट तिनको प्रचार प्रसार गर्न पाइने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१३.प्रथम पक्ष र दोस्रो पक्षको सहमतिमा यो सम्झौता फेर बदल गर्न सकिने भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१४. यो सम्झौतामा लेखिएको यसै सम्झौताअनुसार र यसमा नभएको कुरामा नेपाल सरकारको प्रचलित ऐन कानुनअनुसार हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१५. माथि लेखिएबमोजिमको शर्त बन्देजहरुको परीपालना गर्नमा हामीदुवैथरिबाट मञ्जुर गरेका छौं । मुकाम म.न.पा./उप म.न.पा./न.पा./गा.पा. वडा नम्बर ......, ......................हो ।

| प्रथमपक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः ................................................... | नामः ...................................................... |
| दर्जाः सञ्चालक/निर्माता | दर्जाः भान्साव्यवस्थापक |

| | |
|---|---|
| कम्पनीको नामः ........................................<br><br>सम्पर्क नम्बरः ..........................................<br><br>इमेल ठेगानाः ...........................................<br><br><br>दा. हस्ताक्षर बा. | आवद्धताः ..................................................<br><br>सम्पर्क नम्बरः ...........................................<br><br>इमेल ठेगानाः ............................................<br><br><br>दा. हस्ताक्षर बा. |

साक्षीहरु

(क) .........................................

(ख) ..........................................

(ग) मस्यौदाकर्ताः अधिवक्ता– ...........................................
प्रमाणपत्र नम्बरः .................................

इति सम्वत् २०........... साल ................ महिना .... गते ..... रोज शुभम्